1526

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २२०/०७३/७४
निर्णय नं. १५८

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निबासी शारदा भुपाल (झा) ....................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, सप्तरी ....................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, सप्तरी ....................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निबासी शारदा भुपाल (झा)ले जिल्ला शिक्षा कार्यालय, सप्तरी समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) लेे प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला शिक्षा कार्यालय, सप्तरीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१ आ. व. ०६५/६६ देखि ०७२/७३ सालसम्म जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट कुन कुन संस्थागत विद्यालयहरुलाई बन्द गर्न परिपत्र भएको छ ? उक्त परिपत्रको छुट्टाछुट्टै स्पष्ट जनिने प्रमाण र ती विद्यालयहरु बन्द गराउन यस कार्यालयले गरेको निर्णयको प्रमाणित प्रतिलिपि ।

२ संस्थागत विद्यालयहरु बन्द गराउनु पूर्व ती विद्यालयहरुले के कति कारणले अनुमति नपाएका हुन ? सो सम्बन्धी के कस्तो लिखित जानकारी विद्यालयलाई दिइएको छ ? सोको प्रमाणित प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत २०७३ साल मंसिर १३ गते रोज २ शुभम् ।